नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# भूमि प्रशासन कार्यालय

सिन्धुपाल्चोक, चौतारा

मुद्दा/प्रशासन

प.सः २०८२/८३
च.नं.- ३४३२

मितिः २०८३।०३।०४
ने.सं. ११४६ तछलाथ्व चतुर्थी

श्री जिल्ला प्रशासन कार्यालय
चौतारा, सिन्धुपाल्चोक ।

**विषयः सूचना टाँस गरिदिने बारे ।**

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०८३।०३।०४ मा भोगाधिकार प्राप्त जग्गालाई लिजमा परिणत गराउने सम्बन्धी सार्वजनिक सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरिदिनुहुन अनुरोध छ ।

..............................................
माधव घिमिरे
प्रमुख भूमि प्रशासन अधिकृत

बोधार्थः
१. श्री समन्वय समिति,सिन्धुपाल्चोक।
२. श्री नापी कार्यालय, सिन्धुपाल्चोक ।
३. श्री स्थानीय तह (सबै), सिन्धुपाल्चोकः प्रत्येक वडा कार्यालयलाई पनि जानकारी गराइदिनुहुन ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# भूमि प्रशासन कार्यालय

सिन्धुपाल्चोक, चौतारा

मुद्दा/प्रशासन

प.सः २०८२/८३
च.नं.-

## *श्री भूमि प्रशासन कार्यालय, सिन्धुपाल्चोकबाट जारी भएको सार्वजानिक सूचना*
## *मितिः २०८३।०३।०४*

सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनिती, २०७१ लागू हुनुपुर्व भोगाधिकारमा दिइएको सरकारी जग्गा लिजमा परिणत गर्नुपर्ने लिज कार्यनिती, २०७१ को दफा २१ मा व्यवस्था रहेको र सोही दफाको उपदफा (८) मा भोगाधिकार प्राप्त व्यक्ति संस्था वा निकायले लिजमा परिणत गर्न निवेदन नदिएमा म्याद समाप्त भएपछि त्यस्तो भोगाधिकार स्वतः समाप्त भएको मानिनेछ र भोगाधिकारमा दिइएको जग्गा नेपाल सरकारले भोग वा कब्जा गर्नेछ भन्ने व्यवस्था रहेको र उपदफा (९) मा भोगाधिकार समाप्ति भएमा सो को सूचना कार्यलयले सम्बन्धीत पक्षलाई दिनुपर्नेछ भन्ने व्यवस्था रहेको । सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा २१ को उपदफा (१) मा भोगाधिकारबाट प्राप्त जग्गा लिजमा परिणत गर्नुपर्ने व्यवस्था र सोही दफाको उपदफा (४) मा लिजमा परिणत गर्न निवेदन नदिने भोगाधिकार प्राप्त व्यक्ति, संस्था वा निकायले लिजमा लिएको जग्गाको भोगाधीकार स्वतः समाप्त हुनेछ भन्ने व्यवस्था रहेको र साविकमा भोगाधिकारमा जग्गा प्राप्त गर्ने व्यक्ति, संस्था, निकायले आफ्नो भोगाधिकार समाप्त भई लिजमा परिणत नभएको हकमा मालपोत नियमावली, २०३६( नवौं संशोधन) २०८३ को दफा २३झ (१९) मा व्यवस्था भए अनुसार लिजमा परिणत गर्नुपर्ने हुँदा साविकमा भोगाधिकार प्राप्त गरेका व्यक्ति, संस्था वा निकायले यो नियम प्रारम्भ भएका मितीले ६ महिना भित्र हालसम्मको तिर्नु बुझाउनुपर्ने बाँकी रकम भए त्यस्तो रकम दाखिला गरि उक्त जग्गा लिजमा परिणत गर्न कार्यालयमा निवेदन दिन सक्ने कानुनी व्यवस्था रहेकोले सर्वसाधारणको जानकारीको लागि यो सार्वजानिक सूचना प्रकाशित गरिएको छ । उक्त अवधिभित्र लिजमा परिणत गर्ने निवेदन नदिने व्यक्ति संस्था वा निकायको भोगाधिकार स्वतः समाप्त हुनेछ ।